निर्णय नं १

आर्थिक वर्ष २०७९/०८० को धनकुटा नगरपालिकाको निम्नानुसारको वार्षिक नीति तथा कार्यक्रम स्वीकृतिका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**उपप्रमुखज्यू,**

**नगरसभा सदस्यज्यूहरु,**

**कर्मचारीहरु तथा पत्रकार मित्रहरु**

१. स्थानीय तह निर्वाचन २०७९ अन्तर्गत २०७९ साल वैसाख ३० गते सम्पन्न धनकुटा नगरपालिकाको स्थानीय तह सदस्य निर्वाचनलाई शान्तिपूर्ण ढंगले सम्पन्न गराउने मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचनमा खटिने कर्मचारीहरु, मतदानमा भाग लिएर अमूल्य मतदान गर्ने मतदाता सवैलाई यो अवसरमा हार्दिक धन्यवाद ज्ञापन गर्दै नगरसभाका निर्वाचित सबै सदस्यहरुमा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ ।

२. नेपालको संविधान र संघीय शासन प्रणालीमा तहगत सरकारका रुपमा धनकुटा नगरपालिकाको दास्रो स्थानीय सरकारको रुपमा रहेको छ । हामीले २०७९ साल जेठ महिना देखि दोस्रो कार्यभार ग्रहण गरी कार्य थालनी गरेको १ महिना मात्र पूरा भएको छ । संघीय संरचनामा स्थानीय तहको सरकार जनताको सबैभन्दा नजिकको सरकार हो । यही पृष्ठभूमिमा रहेर यस धनकुटा नगरपालिकाको गरिमामय दोस्रो कार्यकालको प्रथम नगरसभामा आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहँदा मैले गौरवको अनुभुति गरेको छु ।

३. राष्ट्रलाई निरङ्कुश सामन्ती शासन प्रणालीको अध्यारो कालखण्डबाट जनता कै प्रतिनिधि मार्फत राज्यसञ्चालन गर्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उज्यालो युगमा पुऱ्याउन जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता, राष्ट्रिय हित एवं स्वाभिमान, लोकतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । नेपाली समाजको रुपान्तरणमा उहाँहरुले पुऱ्याउनु भएको योगदानको स्मरण गर्न चाहन्छु ।

४. कोरोना भाइरस (कोभिड १९) महामारीका कारण विश्वमै मानव जाति माथि उत्पन्न भएको ठूलो संकट तथा हाल सालै देखा पर्न थालेको महामारी विरुद्ध लड्न मौजुदा स्वास्थ्य सेवाहरु र सुविधाहरु भरपुर उपयोग गर्दा गर्दै पनि महामारीबाट थुप्रै मानिसको ज्यान गईसकेको छ, भने अझैं संक्रमित हुने क्रम जारी नै रहेको छ । महामारीबाट संक्रमित भई नेपाल र विदेशी मुलकमा ज्यान गुमाउनु हुने नेपाली तथा यस नगरका नगरवासीप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु । उपचाररत सम्पूर्ण दिदिबहिनी तथा दाजुभाइहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

५. धनकुटा नगरपालिकाले कोभिड १९ को संक्रमण प्रारम्भ भए लगतै अवलम्बन गरेको रणनीति, समन्वयात्मक भूमिका एवम् सबै नागरिकको एकता, धैर्य र सहयोगले अहिले सम्म यस रोगको संक्रमणबाट यस नगर क्षेत्र भित्र कम क्षतीका साथ जीवन रक्षा सम्भव भएको छ । संक्रमण थप फैलन नदिन र अन्य जुनसुकै प्रकारका महामारी माथि पनि यसरी नै विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकाले एकढिक्का भएर दृढताका साथ र सहयोगका लागि सबैमा आह्वान गर्दछु ।

६. गत वर्षको वर्षादका कारण धनकुटा नगरक्षेत्र भित्रका २४ घर परिवारलाई पुनर्स्थापना गराउनु पर्ने, ४१ घर पुननिर्माण गर्नुपर्ने र ३६ घर मर्मत गर्नुपर्ने गरी पहिचान भएको छ भने अन्य थुप्रै विकासका पूर्वाधारहरुमा क्षती पुगेको छ । जोखिमपूर्ण परिस्थितिमा अग्रपंतिमा रहेर सेवा गर्ने चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, उद्दारकर्मी रेडक्रशकर्मी पत्रकार, एम्बुलेन्स चालकहरु लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु राहत वितरण लगायतका कार्यमा संलग्न सवैको उच्च प्रशंसा गर्दछु । अत्यावश्यक वस्तुको आपूर्ति सहज बनाउन योगदान गर्ने सबै व्यक्ति तथा संघसंस्थालाई धन्यवाद दिन चाहन्छु । कोभिड १९ संक्रमण रोकथाम र नियन्त्रणका लागि नगरपालिकाले चालेका कदममा पूर्ण साथ दिई सहयोग गर्नु भएकोमा संघसंस्था लगायत सम्पूर्ण दिदिबहिनी तथा दाजुभाईप्रति हार्दिक आभार व्यक्त गर्दछु

७.समृद्ध नगर, सुखी नगरवासीको आकाङ्क्षा पुरा गर्न, नेपाल सरकार र प्रदेश सरकारको आर्थिक वर्ष २०७९/८० को वार्षिक नीति तथा कार्यक्रम र बजेट तथा नेपाल सरकारको पन्धौं आवधिक योजनालाई अंगीकार गर्दै यस

नगरपालिकाको नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै *धनकुटा नगर : स्वच्छ, सुन्दर, समुन्नत सहर*को मूल आधारलाई मूर्त रुप दिन हामी सम्पूर्ण निर्वाचित पदाधिकारीहरु प्रतिवद्ध छौं ।

८. स्थानीय तहले नेपाल सरकार र प्रदेश सरकारको विकास सम्बन्धी लक्ष्य, उद्देश्य प्राप्त गर्न समन्वय, सहयोग र सहकार्य गर्दै स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ भन्ने कुरालाई दृष्टिगत गर्दै विकास निर्माणका लागि साधन स्रोतको बढोत्तरी, सेवा प्रदायक निकायहरुमा सहज पहुँच अभिवृद्धिसँगै विषयगत कार्यालयसंगको समन्वय र साझेदारीमा हाम्रो महत्वपूर्ण भूमिका रहन्छ । यसर्थ, हामीले यिनै कुरालाई दृष्टिगत गर्दै नीति, योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्दै आएका छौं ।

९. धनकुटा नगरपालिकाले गत ५ बर्षको अवधिमा गरेका भौतिक प्रगति, सामाजिक तथा आर्थिक विकास, फोहरमैला व्यवस्थापन र शैक्षिक गुणस्तर सुधारका क्षेत्रको प्रगति नगरले अवलम्बन गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारि कार्यान्वयनको परिणाम हो । यसवाट स्वच्छ, सुन्दर र समुन्नत नगर निर्माणको लागि बलियो आधारशिला वनेको छ ।

१०. धनकुटा नगरपालिका क्षेत्रभित्र चालु आ.ब. मा पूर्वाधार क्षेत्रमा जम्मा ४९३ वटा योजनाहरु सञ्चालनमा रहेका मध्ये १९३ नगर स्तरीय २२६ वडा स्तरीय शसर्त शिक्षा तर्फ ७ निर्वाचन क्षेत्र विशेष कार्यक्रम ४१ प्रदेश सशर्त अनुदान ३ रहेका छन् । यी योजनाहरु मध्ये ४४९ वटा सम्पन्न, ३५ सञ्चालन, १५ वटा सम्झौता हुन वाँकी रहेका छन् । यी योजनाहरु अगरगबितष्खभ रुपमा १०००० महिला र १३००० पुरुष गरी कुल २४००० लाभान्वित भएका छन् । यसबाट नगरपालिका क्षेत्रभित्र ३७४१२ दिन रोजगारी सृजना भएको छ । धनकुटा जिल्लामा हाल सम्म माहामारीजन्य कुन रोग देखा परेको छैन । नगरवासी मध्ये ९५ प्रतिशत भन्दा वढीले कुनै न कुनै उपचार सेवा लिएको पाईन्छ । कोभिड १९को पहिचानका लागि ३००० जनाको एन्टिजीन परिक्षण भएको छ । १२ वर्ष माथीका उमेर समुहका सवैलाई पहिलो दोस्रो डोज खोप लगाई सकिएको छ १८ वर्ष माथीका ५० प्रतिशत भन्दा वढीलाई वुस्टर डोज खोप लगाई सकिएको छ । अपाङ्ग भएका परिवारलाई प्रति परिवार ५०००० का दरले ५ लाख विउपूंजी वितरण,२५ जनालाई सीपमुलक तालिम ,१५ जनालाई उपचार सहयोग, १० समुहलाई क्षमता विकास तालिम ईिएको छ ।

११. नगरका ग्रामीण क्षेत्रहरुमा आर्थिक, सामाजिक र पूर्वाधार विकासमा प्राथमिकताका साथ कार्यहरु गरिएका छन् । धनकुटा नगरपालिकालाई स्थानीय सरकारको रुपमा संस्थागत विकास गर्दै लैजान आवश्यक कानूनहरुको तर्जुमा गरी लागू गरिएको छ । जनताको घरदैलोसम्मको सेवालाई चुस्त, प्रभावकारी, नतिजामुखी र जनउत्तरदायी बनाउन सवै वडाबाट सेवाप्रवाह भएको छ । कार्यालयको संगठन तथा व्यवस्थापन सर्भे गरी कर्मचारी ब्यवस्थापनको कार्य सम्पन्न गरिएको छ ।

१२ लघु उद्यम समूहमा आवद्ध १२८ जना उद्यमीलाई सिपमूलक तालिम दिई आयआर्जनमा सहभागी गराई १५० जनालाई उद्यमशीलता विकास तालिम प्रदान गरिएको छ । वैदेशिक रोजगारबाट फर्किएर आएका ब्यक्तिहरुलाई लक्षित गरी स्वरोजगार बनाउने उद्देश्यका साथ १७८ जनालाई कृषि, पशुपालन तथा उद्योग सञ्चालन गर्न अनुदान तथा प्रविधि प्रदान गरिएको छ ।

१३. विकास र सुशासन अभिवृद्धिका लागि प्रभावकारी सेवा प्रवाहको प्रत्याभूति दिनु हाम्रो दागित्व हो । कृषि, शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी तथा सरसफाई लगायतका सार्वजनिक सेवा सुविधाको सहज र सरल त्याभूतिका लागि सरकारी, निजी, गैरसरकारी, सामुदायिक क्षेत्रसँग साझेदारी र सहकार्य गर्ने , शान्ति सुरक्षा, रोजगारी अभिबृद्धि, सामाजिक सुरक्षा र मानव संसाधनको क्षमता विकासमा सहयोगी भूमिका निर्वाह गर्दै स्थानीय सरकारको संयन्त्रबाट प्रवाह हुने सेवालाई समावेशी, व्यवसायिक, प्रतिस्पर्धी, सेवामुखी र स्वावलम्वी बनाउदै स्थानीय सरकारको सुशासनको संस्थागत विकासको नीति अवलम्वन गरिने छ ।

१४. निर्वाचित जनप्रतिनिधिको दोस्रो कार्यकालको १ महिना व्यतित भएको छ । यस कार्यकालमा ग्रामीण, दुर्गम र पछाडि परेका क्षेत्रहरुमा वसोवास गर्ने नगरवासीको आर्थिक, सामाजिक रुपान्तरणका साथै निर्मित पूर्वाधारहरुको स्तरोन्नति गर्न आवस्यक रहेको छ । धनकुटा नगरपालिकालाई स्थानीय सरकारको रुपमा संस्थागत विकास गर्दै लैजान अझै केही कानूनहरुको तर्जुमा गरी सेवाप्रवाहलाई चुस्त, प्रभावकारी, नतिजामुखी र जनउत्तरदायी बनाउन सवै वडाबाट हुदै आएको सेवाप्रवाह थप व्यवस्थीत वनाउदै लगिने छ ।

१५. “समृद्ध नगर सुखी नगरवासी”को नगरको आकांक्षा सहितको विकासका लक्ष्यहरु हासिल गर्न नगरपालिकाकाले प्रभावकारी भूमिका निर्वाह गर्नेछ । *धनकुटा नगर : स्वच्छ, सुन्दर, समुन्नत सहर* भन्ने नगरको मूल नारालाई साकार पार्न नगर क्षेत्रलाई नेपाल कै उत्कृष्ट, समृद्ध, व्यवस्थित, प्रविधिमैत्री, सुन्दर एवं सफा हराभरा नगर बनाउन समग्र नीति तथा कार्यक्रम बीच उचित तालमेल आवश्यक छ । नगरवासीले सुशासन र विकासको अनुभूति गर्न सक्ने गरी आर्थिक वर्ष २०७९/८० को बजेट कार्यक्रम कार्यान्वयनको प्रवन्ध मिलाइनेछ ।

**नगरसभा सदस्यज्यूहरु**

१६. *धनकुटा नगर : स्वच्छ, सुन्दर, समुन्नत सहर*को आकांक्षा पूरा गर्न महामारी र विपद्का कारण समग्र सामाजिक आर्थिक पक्षमा परेको प्रतिकूलता समेतलाई सम्बोधन गर्दै देहायका रणनीति आधार र पक्षहरुलाई ध्यानमा राखी आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

(क) माहामारीवाट वच्नका लागि अपनाउनु पर्ने स्वास्थ्य सजगताका व्यवस्थाहरु गरिने,

(ख) औषधि, स्वास्थ्य सुरक्षा उपकरण र स्वास्थ्यकर्मीहरुको व्यवस्था तथा परिचालन गरिने,

(ग) शिक्षा र स्वाथ्य सेवामा गुणात्मक सुधार गर्ने, कृषि तथा औद्योगिक उत्पादन वृद्धि गर्न र विकास निर्माण कार्यलाई तिव्रता दिने कार्यक्रमहरु कार्यान्वयन गरिने,

(घ) माहामारीका कारण रोजगारी गुमाएका श्रमिक, किसान, असहाय व्यक्ति, विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवम आय आर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिने,

(ङ) नगरमा रहेको बेरोजगारको तथ्याङ्क संकलन अधावधिक गरिने,

(च) आर्थिक क्रियाकलाप चलायमान हुने, रोजगारी सिर्जना हुने, स्थानीय बजारमा खपत हुने वस्तुहरुको उत्पादनमा जोड दिने खालका योजनाहरु सञ्चालन गरिने,

(छ) विशेष गरी वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई लक्षित गरी स्वरोजगार तथा आत्मनिर्भर हुने गरी कृषि, पशुपालन, उद्योग व्यवसायको व्यावसायीकरणमा विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिने,

१७. नगरमा रहेको धनकुटा जिल्ला अस्पताल स्तरोन्नति तथा सञ्चालनका लागि सम्वन्धित पक्षसँग समन्वयात्मक पहल गरिनेछ ।

१८. स्वास्थ्य सेवामा गरिब सिमान्तकृत, दलित, महिला बालवालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका तथा दीर्घ रोगीहरुको पहुँच बढाउन स्वास्थ्य शिविर, विशेषज्ञ स्वास्थ्य जाँच कार्यक्रम जस्ता लक्षित कार्यक्रम तय गरी लागु गरिनेछ

१९. प्रत्येक वडामा रहेका स्वास्थ्य चौकीको सुदृढिकरण गरी आवश्यक उपकरण उपलव्ध गराईनेछ । आवश्यक औषधि तथा खोपको वितरण समूचित रुपमा गराई विद्यमान स्वास्थ्य संस्थाको विकास र विस्तार गरी आधारभूत स्वास्थ्य सेवामा सवैको पहुँच कायम गरिनेछ ।

२०. स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन महिला स्वास्थ्य स्वयमसेविकाहरुको भूमिका बढाउनुको साथै सचेतनामूलक गतिविधि सञ्चालन गरिनेछ ।

२१. नगरपालिकाबाट सञ्चालित एम्बुलेन्स मार्फत सुत्केरी महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरुलाई सहज स्वास्थ्य उपचारको लागि नगरक्षेत्र भित्र एम्बुलेन्स सेवा निःशुल्क गरिनेछ । विपन्न वर्गलाई विशेष छुटको व्यवस्था गरिनेछ

२२. समुदायमा आधारित आमा समूह, टोल विकास संस्था, युवा क्लबजस्ता संघसंस्थाहरु सँग साझेदारी र समन्वय गरी स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाईने छ ।

२३. सम्पूर्ण नगरवासीहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा समेटिदै लगिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

२४. शिक्षा क्षेत्र नै देश विकासको लागि आवश्यक जनशक्ति पैदा गर्ने स्थल हो । शैक्षिक क्षेत्रको विकास बिना अन्य क्षेत्रहरु सवल र सक्षम हुन सक्दैनन् । तसर्थ, धनकुटा नगरपालिका भित्र रहेका सबै शैक्षिक केन्द्रहरुको स्तरोन्नति, पूर्वाधार निर्माण तथा जनशक्ति व्यवस्थापन गरी विद्यार्थीहरुलाई व्यवहारिक, नैतिकवान र जीवन उपयोगी शिक्षा प्रदान गर्ने खालको शिक्षा नीति धनकुटा नगरपालिकाको रहेको छ । तसर्थ गुणस्तरीय शिक्षाका लागि विद्यालयहरुमा योग्य, दक्ष र शिक्षण पेशामा प्रतिवद्ध शिक्षक व्यवस्थापनमा जोड दिईने छ ।

२५. पाँचवर्ष मुनिका बालवालिकाको सर्वाङ्गीण विकासका लागि प्रारम्भिक बालविकासमा संलग्न सहयोगी कार्यकर्ता र विधालय कर्मचारीलाई प्रोत्साहित गरिनेछ ।

२६. उच्च शिक्षा अध्ययन गर्न चाहने विपन्न वर्गको विद्यार्थीलाई छात्रवृति प्रदान गरिने छ । प्राविधिक क्षेत्रमा क्षमता र दक्षता भएका विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने कार्यक्रम संचालन गरिने छ ।

२७. अन्तर विद्यालय अनुभव आदानप्रदान तथा सिकाई पद्धतिमा समान्जस्यता ल्याउन समन्वयकारी भूमिका खेलिनेछ

२८. नगरशिक्षा समिति मार्फत सवै विद्यालयहरुका शैक्षिक क्यालेण्डरमा एकरुपता ल्याइनेछ ।

२९. विद्यालय समायोजन भै प्रयोगमा नआएका विद्यालय भवनलाई बाल विकास केन्द्र, सामुदायिक सिकाई केन्द्र तथा समुदायद्धारा उपयोग तथा संरक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

३०. बालविकास केन्द्रका सहयोगी शिक्षक र विद्यालय कर्मचारीलाई आवश्यक तालिमको व्यवस्था गरिने छ ।

३१. आधारभुत तह कक्षा ६–८ र माध्यमिक तहका छात्राहरुलाई सहज रुपमा सेनेटरी प्याड वितरणको व्यवस्था मिलाइने छ

३२. **मेयर कृषि पर्यटन कार्यक्रम** मार्फत एभोकाडोको खेती विस्तार, बजारीकरण र प्रवद्र्धनको लागि पहल गरिनेछ । नगरमा सञ्चालन हुने जात्रा महोत्सवको अवसरमा एभोकाडो प्रदर्शनीको आयोजना गरिनेछ

३३ विभिन्न साझेदार निकायहरुको समन्वयमा **धनकुटाको एभाकाडो**लाई ब्राण्डिङ्ग गरिनेछ ।

३४ सरोकारवाला निकाय सँग समन्वय र सहकार्य गरी नगरपालिकाले लागत साझेदारी गर्दै धान, मकै, तरकारी, फलफूल र पुष्प व्यवसाय पकेट क्षेत्र घोषणा गरी कृषकको आय बृद्धि गरिनेछ । घुम्ती शिविरमार्फत माटो तथा गोवर परीक्षण कार्यक्रम सञ्चालन गर्दै कृषि तथा पशुपंक्षी पालन क्षेत्रको उत्पादन बृद्धि गरिनेछ ।

३५ घर परिवारलाई पुग्ने अर्गानिक र स्वस्थ साग सब्जी तथा तरकारी आफैले उत्पादन गरी उपभोग गर्ने आदतको विकासका लागि करेसाबारी तथा कौसी खेती कार्यक्रम लक्षित समूह मार्फत सञ्चालन गर्ने नीति लिइनेछ ।

३६ जलवायु परिवर्तनका कारण उत्पादनमा ह्रास आएका क्षेत्रमा स्मार्ट भिलेज कार्यक्रम मार्फत कृषकहरुलाई ब्यवसायिक कृषि उत्पादनमा जोड दिने खालको नीति लिइनेछ ।

३७ एभोकाडो अनुसन्धान तथा सिकाई केन्द्रलाई सञ्चालनमा ल्याइनेछ ।

३८ किसान सूचीकरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३९ कृषि, पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक गरी प्रयोगमा ल्यउईने छ।

४० प्राविधिकहरु गोठ तथा फर्ममा पुगी पशुपंक्षी सम्बन्धि सेवा दिने व्यवस्था मिलाईनेछ । एक पालिका एक भेटेनरी डाक्टर को प्रभावकारी कार्यान्वयन गरिनेछ ।

४१ कृषिलाई ब्यवसायिकरण गर्नका लागि नगरमा रहेका नर्सरीको सुदृढीकरण गरिनुका साथै टनेल तथा थोपा सिंचाई जस्ता प्रविधिहरुको विस्तारको लागि पहल गरिने छ ।

४२ कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै जैविक विषादी र प्राङ्गारिक मलको प्रयोग गरी अर्गानिक उत्पादनमा बढावा दिईने छ ।

४३ नेपाल राष्ट्र बैंकको मौद्रिक नीति अनुसार कृषिमा सहुलियतपूर्ण व्याजदरको सुविधालाई नगरपालिका जमानतमा बसी सहकारी, बैंक तथा वित्तिय संस्थाद्धारा ऋण उपलब्ध गराउन पहल गरिने छ ।

४४ साना तथा निर्वाहमुखी पशुपालन गर्ने कृषकलाई दाना, घाँस, गोठ, खोर निर्माणमा अनुदान दिने व्यवस्था मिलाईनेछ

४५ फलफुल तथा तरकारी संकलन केन्द्र, दुग्ध संकलन तथा भण्डारणका लागी चिलिङग केन्द्र, शीतभन्डार स्थापनाको लागि सहकारी तथा कृषक समुहहरुसँग साझेदारी गरिनेछ ।

४६ सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गको किनारा र उपयोग विहिन सार्वजनिक सरकारी जमिनमा फलफुल र अन्य विरुवा रोप्ने र संरक्षण गर्ने कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।

४७ लागत साझेदारीमा पशुपालन ब्यवसाय प्रबद्र्धन गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४८ छुर्पी प्रवद्र्धन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४९ नगर क्षेत्रमा व्यवसायिक कृषि फर्म सञ्चालन गर्ने, पुष्प खेती व्यवसाय प्रवद्र्धन र विस्तार गर्ने कृषक तथा कृषक समूहलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । नगर क्षेत्रमा भएका यस्ता कार्य गर्ने कृषि फर्म तथा व्यवसायीहरु मध्ये उत्कृष्ट कृषक तथा समूहलाई नगरपालिकाबाट पुरस्कृत गर्ने नीति लिइनेछ ।

५० रैथाने बाली प्रबद्र्धन, मकैबाली प्रबद्र्धन तथा आलु उत्पादन कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै लगिनेछ

**नगरसभा सदस्यज्यूहरु,**

५१ पर्यटन गन्तव्यहरुलाई एकीकृत गरी पर्यटन प्याकेजको निर्माण गरी पर्यटकलाई आकर्षित गर्ने नीति अवलम्वन गरिने छ

५२ आन्तरिक पर्यटनका लागि पार्कको निर्माण, भ्यूटावरको सञ्चालन तथा ब्यवस्थापन गर्ने नीति लिइनेछ

विभिन्न पर्यटकीय स्थानमा पूर्वाधार निर्माण गरी होमस्टे, प्राचीन संस्कृतिको प्रदर्शनी लगायतका क्रियाकलाप सञ्चालन गरिनेछ

५३ आठपहरिया जातिको मौलिक विशेषता झल्कने गरी निर्माण भइरहेको आठपहरिया संग्राहलयलाई संघीय तथा प्रदेश सरकारसँगको साझेदारीमा सम्पन्न गरिनेछ ।

५४ धार्मिक तथा पर्यटकीय स्थलहरुमा पर्यटकिय पूर्वाधार निर्माणका लागि संघीय सरकार र प्रदेश सरकारसँग लागत साझेदारीको लागि पहल गरिने छ । बक्रकुण्ड मन्दिर, मधुगंगा धार्मिक क्षेत्र, मार्गाथान, चुलीवन क्षेत्र लगायतका धार्मिक तथा सांस्कृतिक स्थलहरुको विकासको लागि आवश्यक पहल गरिनेछ ।

५५ धनकुटा बसपार्कमा **डिजिटल पर्यटन सूचना केन्द्र**को स्थापना गरिनेछ ।

५६ बचत तथा ऋणको कारोबार गर्ने सहकारीको जोखिम ब्यबस्थापनका लागि अनुगमन संयन्त्र गठन गरी परिचालन गरिनेछ।

५७ सहकारी संस्थाहरुको संस्थागत क्षमता अभिवृद्धि गरी सेवा प्रवाहमा थप प्रभावकारिता ल्याउन सहकारी संस्थाहरुलाई एकीकरण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

५८ संकटग्रस्त सहकारीलाई संघ र प्रदेशसँगको समन्वयमा प्रभावकारी ब्यबस्थापनको लागि संस्थागत प्रबन्ध मिलाई सुधारका आवश्यक कार्य गरिनेछ।

५९ नगरपालिका र सहकारी बीचको सहकार्यमा विभिन्न सीपमूलक तथा उत्पादनमूलक कार्यहरु अगाडी बढाई रोजगारीको सिर्जना गरिनेछ ।

६० सहकारी तथा गरिवी निवारण व्यवस्थापन सूचना प्रणाली (COPOMIS) को प्रभावकारी ब्यवस्थापन गरी सहकारी संस्थाहरुको सूचना ब्यवस्थापन सम्बन्धी कार्य गरिनेछ ।

६१ सहकारी क्षेत्रको क्षमता अभिबृद्धिका लागि सहकारी शिक्षा, नेतृत्व विकास र कार्यालय ब्यवस्थापन सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

६२ वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि परामर्श सेवा दिन तथा विदेशबाट फर्किएका ब्यक्तिहरुलाई स्वदेशमा नै आयआर्जनमा जोड्नका लागि समन्वयात्मक भूमिका निर्वाह गर्न **आप्रबासी ६३श्रोत केन्द्र** लाई धनकुटा जिल्लाका स्थानीय तहहरुको साझेदारीमा सक्रिय बनाइनेछ ।

६३ प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नगरपालिकामा सूचीकृत भएका बेरोजगार ब्यक्तिलाई रोजगारी प्रदान गरिनेछ । रोजगारीलाई स्थानीय उत्पादनसँग जोडेर कार्यक्रमको कार्यान्वयन गरिनेछ ।

६४ बेरोजगार ब्यक्ति र रोजगारदातालाई एउटै छाता मुनि भेला पारी रोजगारीको अवसर सिर्जना गर्न **रोजगार मेला**को आयोजना गरिनेछ ।

६५ विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुको तथ्याङ्क सङ्कलन तथा तिनीहरुमा रहेको सिपको विवरण समेत अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग, कृषि लगायतका क्षेत्रमा रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिनेछ ।

**नगरसभा सदस्यज्यूहरु,**

६६ नगरपालिका क्षेत्रभित्रका विपन्न परिवारका सूचीमा रहेका घरपरिवारको आर्थिक अवस्था सुधार गर्न **गरिवी निवारणका लागि ब्यवसाय सञ्चालन** कार्यक्रमको सुरुवात गरिनेछ ।

६७ स्थानीय स्रोत साधनको उपयोग गरी कृषि तथा गैरकृषि उत्पादन, प्रशोधन, रोजगारी सिर्जना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्यमहरुलाई अभियानको रुपमा विस्तार गर्न अभिप्रेरित गरिनेछ ।

६८ स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यम प्रर्वद्धन गर्न सीपमूलक तालिम व्यवस्था गरी उत्पादित वस्तुको वजारीकरणको पहल गरिनेछ ।

६९ लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमीहरुलाई एडभान्स सीप विकास तालिम प्रदान गरिनुका साथै उत्पादकत्व वृद्धिका लागि प्रविधि हस्तान्तरण गरिने छ ।

७० बेरोजगार युवाहरुलाई व्यावसायिक कार्ययोजनाको आधारमा स्वरोजगार बनाउन **युवा स्वरोजगार कार्यक्रम** सञ्चालन गरिनेछ

७१ रोजगार उपलब्ध गराउने स्थानीय उद्योगलाई करमा सहुलियत तथा अनुदानको व्यवस्था गरिनेछ ।

७२ वेरोजगार ब्यक्तिको माग र क्षमताका आधारमा लामो तथा छोटो अवधिका सिपमुलक तालिमको सञ्चालन गरी रोजगारीमा जोड्न सरोकारवाला पक्षहरु सँग समन्वय र साझेदारी गरीनेछ ।

७३ स्वदेशी तथा बिदेशी सहरहरु सँग भगिनी सम्बन्ध बिस्तारको थालनी गरिनेछ।

७४ नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने जात्रा पर्बहरुलाई अन्तराष्ट्रियस्तरमा परिचित गराई पर्यटन प्रबर्द्धन गरिनेछ।

७५ स्थानीय सरकारका मुद्दामा साझा ऐक्यवद्धता जनाउन क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरु सँगको आवद्धतालाई निरन्तरता दिइनेछ ।

७६. नगरका सवै सामुदायिक विद्यालयहरुको समग्र व्यवस्थापन सुधारका लागि ई.हाजिरी, सिसि क्यामेरा, ई. बेल लगायतका व्यवस्थाहरु वढाईने छ।

७७. ***स्वास्थ्यको लागि खेलकुद, राष्ट्रको लागि खेलकुद***को अवधारणालाई सार्थकता तुल्याउन खेल पूर्वाधारको निर्माण, स्तरोन्नति, सिकाइ प्रतियोगिता आदिको आयोजना गरिने छ।

७८. नगरक्षेत्रमा संचालन हुने अर्न्तराष्ट्रिय तथा राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितालाई सहयोग गर्ने तथा नगर क्षेत्रका उत्कृष्ट खेलाडीहरुलाई सम्मान र प्रोत्साहन गर्ने नीतिलाई निरतन्तरता दिइनेछ।

७९. धनकुटा नगरपालिका वडा नं. ६ सल्लेरी स्थित कवर्ड हलको व्यवस्थापन गरिनेछ।

८०. मेयर कप/उप मेयर कप खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।

८१. नगरको आर्थिक सामाजिक विकासलाई गति प्रदान गर्दै सर्वसाधारणको सहज पहुँचका अतिरिक्त व्यापार, ब्यवसाय तथा सेवा क्षेत्रलाई सहजीकरण गर्न यातायात क्षेत्रको अहम भूमिका रहन्छ। सडक तथा यातायातको व्यवस्थित सञ्जालको विकासबाट मात्र सामाजिक आर्थिक मूल प्रवाहीकरण र नगर क्षेत्रको क्षेत्रगत समग्र विकासको आधारशीला तयार पार्न सकिने यथार्थलाई ध्यान दिदै याथायात व्यवस्थापनमा ध्यान दिईने छ।

८२. सडक तथा यातायात क्षेत्रको विकासमा वडा कार्यालयबाट नगरपालिका कार्यालय जोड्ने सडकहरु, अन्तर वडा कार्यालयहरु जोड्न सक्ने सडकहरु, धार्मिक तथा पर्यटकीय क्षेत्र पहुँच सडकहरु, कृषि सडकहरु तथा राजमार्ग जोड्ने सडक निर्माणलाई उच्च प्राथमिकतामा राखी स्तरोन्नति गरिने छ।

८३. सडक पूर्वाधार निर्माण र विकासमा संघ तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरुसँग समन्वय सहकार्य तथा लागत साझेदारी गर्ने नीति लिइनेछ।

८४. सडक तथा यातायात विस्तार गर्दा पानीका श्रोत, वनजंगल, प्राकृतिक स्रोत तथा धार्मिक क्षेत्र विस्थापित हुन नदिने नीति लिईनेछ।

८५. विहिबारे हाट-भीरगाउँ-हिले सडक, धनकुटा बसपार्क-जिरोप्वाइन्ट नमुना सडक, रत्नरिङ्गरोड-जौटार सडक, हिले-ओकमालुङ्ग सडक, घुमाउने चौतारा-टेकुनाला सान्ताँङ सडक, वाघखोर माहाङ सडक,विहिवारे हटिया खन्यावास सडक, वरवोटे खाल्डे वाघे खोला सडक,त्रिवेणी याक्चना सडक,धर्मशाला पात्ले खोला सडक जस्ता नगरका महत्वपुर्ण सडकको स्तरोन्नतीलाई उच्च प्राथमिकतामा राखिने छ।

८६. नगरवासीका आकस्मिक समस्याहरु तथा योजनालाई सम्बोधन गर्न सञ्चालनमा रहेको **जनताको अपेक्षा, नगरको सुभेक्षा कार्यक्रम**लाई निरन्तरता दिइनेछ।

८७.सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत नगरक्षेत्र भित्र फुसको छानो भएका विपन्न, दलित, एकल महिला तथा अपाङ्गता भएका परिवारहरुलाई जस्तापाता वितरण गरिने छ । **फुसको छाना मुक्त नगर** घोषणा का लागि पहल गरिने छ

८८. नगरभित्र रहेका विपद्वाट घरवारको क्षती भएका घरधुरीलाई संघीय सरकारसँगको लागत साझेदारीमा जग्गा खरिद गरी घर निर्माण गराइ पूर्नबासको प्रबन्ध मिलाउने तथा अवस्थित बसोबासलाई व्यवस्थित बनाउन र सुकसम्वासीलाई जग्गा उपलव्ध गराउन पहल गरिने छ ।

**नगरसभा सदस्यज्यूहरु**

८९. आर्थिक समृद्धि र दिगो विकासका लागि समान अवसर र नेतृत्वदायी भूमिका स्थापित गर्दै स्रोत, साधन, र लाभमा महिला र यौनिक अल्पसंख्यकको समान पहुँच स्थापित गर्न सक्ने कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।

९०. लैङ्गिक उत्तरदायी बजेट विनियोजन र लैङ्गिक बजेट परिक्षण गर्ने पद्दतिलाई संस्थागत गर्दै लगिनेछ ।

९१. नगरपालिका क्षेत्रमा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरुको सशक्तिकरण गर्दै आर्थिक तथा सामाजिक रुपान्तरणका लागि लक्षित वर्ग कार्यक्रम सञ्चालन गरिनेछ ।

९२. नगरक्षेत्रभित्र रहेका दलितहरुको क्षमता विकास तथा सशक्तिकरण गर्दै राज्यको मूलप्रवाहमा समाहित गर्न सहयोग पुऱ्याउन आवस्यक क्रियाकलाप सञ्चालन गरिनेछ ।

९३. नेपालको कूल जनसंख्यामा ४० प्रतिशत युवा रहेको अवस्थालाई दृष्टिगत गर्दै यस नगरपालिका क्षेत्रमा भएका युवाहरुको क्षमता विकास, युवा बहु प्रतिभाको पहिचान, युवा लक्षित जीवनोपयोगी, प्राविधिक र व्यावसायिक शिक्षा सञ्चालन, युवामा सकारात्मक सोंचको विकास गराउदै स्वयंसेवी संस्कृतिको विकास र श्रमको सम्मान गर्न सिकाउदै युवालाई आत्मनिर्भर, स्वाबलम्वी र चरित्रवान वनाउने नीति लिइने छ ।

९४. कुलत र दुर्व्यवहार न्यूनीकरण गर्न सरोकारवाला निकायहरुवीच समन्वय र सहकार्य गरी सचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।

९५. बालवालिका तथा किशोर किशोरीहरुलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउदै उनीहरुको हक अधिकार प्रती सचेत गराउर्दै योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने नीति लिइनेछ । नगरलाई ***वालश्रम मुक्त*** तथा ***बालमैत्री नगर***को रुपमा घोषणाका लागि आधार तय गरिने छ ।

९६. सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत जेष्ठ नागरिक, एकल महिला, दलित बालवालिका, अपाङ्गता भएका व्यक्तिले प्राप्त गर्ने मासिक सुविधा वैंक खाता मार्फत र वैंक सम्म आउन नसक्नेका लागि टोल र बस्ती स्तरमा नै उपलब्ध गराउने व्यवस्था लाई निरन्तरता दिईने छ ।

९७. जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई नगर क्षेत्रको विकासमा प्रयोग गर्ने नीति लिइनेछ । जेष्ठ नागरिक लक्षित कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

९८. प्रदेश सरकार,धनकुटा नगरपालिका र करुणा फाउण्डेशनको लागत साझेदारीमा सञ्चालनमा रहेको अपाङ्ग पुनस्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ । नगर क्षेत्र भित्रका भौतिक संरचना,यातायात, सेवा सुविधा, साधन श्रोत, सूचना तथा सञ्चार प्रविधिलाई अपाङ्गतामैत्री बनाउने नीति लिइनेछ । सवै प्रकारको अपाङ्गता भएका व्यक्तिको सहज जीवनयापनका लागि पुनःस्थापना, स्वास्थ्योपचार र सहायक सामग्रीहरुको व्यवस्था गर्न नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ । धनकुटा नगरकार्यपालिकाको कार्यालयमा अपाङ्गता भएका व्यक्तिको सहज पँहुचका लागि र्‍याम निर्माण गरिने छ

९९. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्ता प्रणाली सुदृढीकरण कार्यक्रम लाई निरन्तरता दिइनेछ ।

१००. स्थानीय संस्कृति तथा सम्पदालाई असर गर्ने सवैखाले गतिविधि रोकथाम नियन्त्रण र नियमन गरिनेछ ।

१०१. नगरपालिका भित्र बसोबास गर्ने विभिन्न जातजातिमा आधारित भाषा, संस्कृति, सम्पदा तथा परम्पराको संरक्षण कार्यमा जोड दिइनेछ ।

१०२. खानेपानीको स्रोत संरक्षण तथा उपयुक्त पूर्वाधार विकास गरी खानेपानीको आपूर्ति व्यवस्था गरिनेछ । सवै नगरवासीहरुलाई भरपर्दो र शुद्ध खानेपानीको सेवाका लागि **'एक घर एक धारा'** नीति अवलम्बन गरिने छ ।

१०३. सबै खानेपानी आयोजनाहरुलाई समितिमा आवद्ध गरी न्यूनतम शुल्कको व्यवस्था गरी मर्मत सम्भार कोषको व्यवस्था गर्ने नीति लिईने छ ।

१०४. नगर क्षेत्रभित्र सञ्चालित खानेपानीका नयाँ तथा क्रमागत आयोजनाहरुलाई यथाशीघ्र सम्पन्न गर्न नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत मन्त्रालयहरुसँग समन्वय र सहकार्य गरिनेछ । नगर क्षेत्रमा रहेका पिउने पानीको समस्या समाधान गरी उचित वितरणको व्यवस्था मिलाउन नगर विकास कोषसँग समन्वय गरिने छ ।

१०५. स्वीस सरकार, संघीय सरकार, प्रदेश सरकार,धनकुटा नगरपालिका र उपभोक्ता समितिको लागत साझेदारीमा विगत वर्ष देखि सञ्चालनमा रहेको ***साना सिचाई कार्यक्रम*** लाई निरन्तरता दिदै थप जमिनमा सिचाई सेवा विस्तार गरी कृषि उत्पादन बढाउने नीतिलाई निरन्तरता दिईने छ ।

१०६. नगरपालिका क्षेत्र भित्रको प्रत्येक खेतीयोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा प्रदान गर्नको लागि प्लाष्टिक पोखरी थोपा सिचाई जस्ता सिंचाईका सुविधाहरु उपलव्ध गराउले नीति अवलम्वन गरिने छ ।

१०७. सुख्खाग्रस्त तटीय क्षेत्रमा सिँचाईको लागि सौर्य सिँचाई प्रणाली जडान गरी थप क्षेत्रमा सिचाई उपलव्ध गराउन पहल गरिने छ ।

**नगरसभा सदस्यज्यूहरु**

१०८. वातावरणीय स्वच्छता कायम गर्ने विषय संघ, प्रदेश र स्थानीय सरकारको साझा अधिकार क्षेत्र भित्रको कर्तव्य र जिम्मेवारी हो । प्रदूषण नियन्त्रण, फोहोमैला व्यवस्थापन र हरियाली प्रवर्द्धन गर्दै स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने नागरिक अधिकारको सुनिश्चितता गर्न नगर सरकारले प्राथमिकताका साथ कार्य गर्नेछ । वातावरण संरक्षणमा सहयोग पुर्याउन वायो ग्यास जडान,र विधुतीय चुल्होको प्रयोगमा जोड दिईने छ

१०९. धनकुटा नगरपालिका देशकै नमुना ***सफा सहर***को रुपमा परिचित छ । फोहरमैला व्यवस्थापनको लागि सल्लेरी स्थित फोहरमैला व्यवस्थापन केन्दको स्तरोन्नती तथा व्यवस्थापन गरिने छ । संकलित फोहरमैलाको ढुवानी कम्प्याक्टर मार्फत गर्न थप कम्प्याक्टरको व्यवस्थाका लागि पहल गरिने छ ।

११०. सार्वजनिक ढल व्यवस्थापन दिसाजन्य लेदो व्यवस्थापनका लागि प्रशोधन प्रणालीको स्थापना कार्य अगाडि बढाइनेछ

१११. फोहरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन र फोहोरलाई मोहरमा रुपान्तरण गर्दै उर्जा र जैविक मल उत्पादन गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम अगाडि बढाइनेछ ।

११२. ल्याण्डफिल्ड साइट प्रभावित क्षेत्रका वासिन्दाहरुको लागि विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

११३. नगर क्षेत्रमा भएका भूस्याहा कुकुर नियन्त्रण गरिनेछ । छाडा पशुहरु नियन्त्रण र घरपालुवा पशुहरु वेवारिसे छाड्ने व्यक्तिको पहिचान गरी जरिवाना गरिनेछ ।

११४. नगरपालिकामा रहेको नगरस्तरीय विपद् व्यवस्थापन कोषमा थप रकम व्यवस्थापन गरिने छ । नगरस्तरीय विपद व्यवस्थापन समितिलाई क्रियाशील बनाइने छ । जनस्तरमा पूर्व तयारी तथा प्रतिकार्यको अभ्यास गर्दै जाने नीति लिइनेछ

११५. नगरका सबै टोल तथा वस्तीमा एम्वुलेन्स र दमकल आवत जावत गर्न मिल्ने गरी तोकिएको सडकको मापदण्ड कार्यान्वयन गरिनेछ ।

११६. वाढी पहिरो आगलागी जस्ता प्राकृतिक प्रकोपवाट प्रभावितलाई तत्काल राहत, औषधोपचार, खानपान, लत्ताकपडा उपलव्ध गराउनको लागि तयारी गरिनेछ भने विपद् व्यवस्थापन कोषको बृद्धिको लागि सार्वजनिक निजि र गैरसकारी संस्थाहरु सँग समन्वय गर्ने नीति लिईने छ ।

११७. वारुणयन्त्रको सेवा २४ सै घण्टा उपलव्ध गराउने व्यवस्था मिलाईने छ ।

११८. नगर सरकारको सेवालाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउदै लैजानु आजको आवश्यकता हो जनशक्तिको समुचित व्यवस्थापन गर्दै जवाफदेही, जिम्मेवारीपूर्ण र सेवाग्राही मैत्री व्यवहार आम नागरिकको अपेक्षा हो । यसर्थ, आगामी दिनमा नगरको प्रशासनिक सरंचना, जनशक्ति, कार्यशैली, कार्यविधि र प्रक्रिया नयाँ प्रविधि, ज्ञान, सीप र क्षमतामा आधारित नागरिक पहुँचमैत्री बनाउदै लगिनेछ ।

११९. सामाजिक परिचालक र नगर प्रहरीको स्थायित्वका लागि पहल गर्दै कार्यरत इमान्दार, दक्ष र अनुभवी अस्थायी तथा सेवा करारमा रहेका कर्मचारीहरुलाई आवश्यकता र औचित्यको आधारमा सेवामा निरन्तरता दिने नीति लिइनेछ

१२०. नगरपालिकाको कार्य सम्पादनलाई छिटो, छरितो, पारदर्शी एवं सेवाग्राहीमैत्री तुल्याउन व्यवस्थापकीय क्षमता अभिवृद्धिमा जोड दिईने छ ।

१२१. दिगो विकास लक्ष्य (SDGs) प्राप्तिका लागि सूचकगत क्रियाकलाप सञ्चालनमा जोड दिइनेछ । यसका लागि दातृ निकायहरु सँग संस्थागत समन्वय र सहकार्यको लागि पहल गरिनेछ ।

१२२. नगरवासीका आवश्यकता तथा समस्याहरुलाई घरदैलोमा पुगी समाधान गर्ने हेतुले सञ्चालनमा रहेको ***जनता सँग मेयर कार्यक्रम***लाई निरन्तरता दिइने छ ।

१२३. धनकुटा नगरपालिकाको प्रशासकीय भवनको निर्माण आगामी आ.व.मा पुरा गरिने छ । प्रत्येक वडा कार्यालयहरुको व्यवस्थापन गर्दै आफ्नै भवनबाट कामकाज गर्ने ब्यवस्था मिलाउदै लैजान क्रमश वडा कार्यालय भवन निर्माण गरिने छ

१२४. उत्कृष्ट कार्य गर्ने नगरपालिकाका कर्मचारी, करदाता, उपभोक्ता समिति, टोल विकास संगठन, सरसफाइकर्मी, संचारकर्मीलाई पुरस्कृत गर्ने पद्धतिलाई निरन्तरता दिईने छ ।

१२५. सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणलाई प्रभावकारी रुपमा अगाडि वढाईनेछ । गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ ।

१२६. कर्मचारी समायोजनको कार्य पुरा भईसकेको,सिमित आय स्रोत भएको नगरपालिकामा कर्मचारी संख्या धेरै भइ प्रशासनिक खर्चको वढोत्तरीलाई ध्यानमा राखि संगठन व्यवस्थापन सर्भेक्षण समेत सम्पन्न भई सकेको हुनाले अव स्थायी कर्मचारी नथप्ने नीतिलाई कडाईका साथ पालना गरिने छ ।

१२७. सार्वजनिक स्थल तथा पार्कहरुमा फ्रि वाईफाईको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१२८. *"कर डर होइन नगर विकासको भर"* हो भन्ने तथ्यलाई आत्मसाथ गर्दै सबै प्रकारका आर्थिक क्रियाकलापहरुलाई राजस्व प्रशासनको दायरा भित्र ल्याइनेछ । धनकुटा नगरपालिकाले आन्तरिक श्रोतको दिगो ब्यवस्थापन गर्दै स्रोत परिचालन गर्न आवधिक स्रोत परिचालन रणनैतिक योजना स्वीकृत गरी लागू गर्नेछ । कर छली र चुहावट नियन्त्रण गरी कराधार फराकिलो बनाउदै लगिनेछ । नगरकार्यपालिकाको कार्यालयबाट संकलन गरिने करसम्बन्धी सम्पूर्ण कारोवार वडा कार्यालय मार्फत गरिने ब्यवस्था गरिने छ ।

१२९. नगरपालिकामा हाल लागू गरिएको अन्लाइन राजस्व प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाइनेछ । राजस्व प्रणालीमा कर नतिर्ने, कर वक्यौता राख्ने तथा पटक पटक सूचना प्रवाह गर्दा समेत अटेर गर्ने करदाताको एकीकृत विवरण राजस्व प्रणालीमा आवद्ध गरिनेछ । यस्ता करदाताको लागि वडा तथा नगर कार्यपालिकाबाट सेवा सुविधा दिनु पूर्व अनिवार्य रुपमा बाँकी कर वक्यौता भूक्तानी गर्न लगाउने नीति लिईनेछ ।

१३०. राजस्व प्रशासनलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन कर्मचारीहरुका लागि थप तालिमका साथै प्रविधि सुधार र क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३१. आन्तरिक आयलाई सवल वनाउन राजस्वको दायरा फराकिलो वनाई राजस्व संकलनलाई सर्वसुलभ बनाइने छ ।

**नगरसभा सदस्यज्यूहरु**

१३२. नगर क्षेत्रको विकास क्रियाकलापमा आउन सक्ने वित्तीय जोखीम न्यूनीकरणका लागि यसै नगरसभावाट लेखा समिति गठन गरी कार्ययोजना सहित सालवसाली रुपमा रहदै आएको पुरानो पेश्की, वेरुजु फछ्र्यौटलाई प्रभावकारी बनाइनेछ । नगरपालिकाबाट खर्च व्यवस्थापन गर्दा आर्थिक वर्ष समाप्त हुँदा शून्य पेश्की र शून्य वेरुजुको सिद्धान्तलाई व्यवहारमा लागू गर्ने नीति लिइनेछ । नगरपालिकाबाट योजना सञ्चालन गर्दा पेश्कि दिने क्रमलाई सुन्य गरी रनिङ्ग विल र कार्य प्रगतिको आधारमा भूक्तानी गरी कार्य प्रकृयामा सरलीकृत गर्दै सुन्य पेश्की वेरुजुका लागि प्रयत्न गरिनेछ । पुरानो पेश्की वेरुजु भएको पक्ष वा व्यक्ति मार्फत भौतिक पूर्वाधार विकास, लक्षित वर्गको कार्यक्रम तथा उपभोक्ता समितिको कार्य नगर्ने नगराउने नीतिलाइ कडाईका साथ पालना गरिनेछ

१३३. प्रस्तावित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनबाट आर्थिक र सामाजिक रुपमा पछि परेका वर्गहरुको उत्थान हुनेछ, सबैले घरदैलोमा सरकार भएको प्रत्याभूति गर्न सक्नेछन्, आर्थिक क्रियाकलापहरु गतिशिल हुनेछन्, पारस्परिक सम्मान र अवसरसहित सामाजिक न्याय कायम हुनेछ, *धनकुटा नगर : स्वच्छ, सुन्दर, समुन्नत सहर*को आकाङ्क्षा पूरा गर्न योगदान पुग्नेछ भन्ने आशा लिएको छु ।

१३४. यी नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा नगरलाई सबैबाट सक्रिय सहयोग हुने विश्वास ब्यक्त गर्दछु

१३५. अन्त्यमा, धनकुटा नगरपालिकालाई जनअपेक्षा अनुरुप विकासका चाहना पुरा गर्ने, स्थानीय सरकार र स्थानीयवासी बीचको सुमधुर सम्बन्ध कायम गर्ने, आधुनिक प्रविधि र मौलिक पहिचानको सम्मिश्रणवाट धनकुटालाई स्वच्छ, सुन्दर र समुन्नत सहर बनाउने हाम्रो दृढ सङ्कल्प अविचलित छ। यस अवसरलाई सदुपयोग गर्दै सम्पूर्ण नगरवासीलाई स्वच्छ, निष्पक्ष, न्यायपूर्ण र प्रतिबद्ध नेतृत्व प्रदान गरिनेछ। साथै नगरपालिकाले अघि सारेको प्रस्तुत नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुर्याउन नेपाल सरकार, प्रदेश सरकार, विकास साझेदारहरू, निजी क्षेत्र, अन्तर्राष्ट्रिय दातृ समुदाय, नगरका कर्मचारी, मतदाता र सम्पूर्ण वुद्धिजीवी एवम् प्रवुद्ध वर्गमा हार्दिक अपिल गर्दछु। नगरको समग्र विकासमा योगदान गर्ने सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, ,संघ संस्था, सञ्चारकर्मी, नागरिक समाज तथा नगरवासी महानुभावहरु लाई हार्दिक धन्यवाद दिन चाहान्छु ।

धन्यवाद !

चिन्तन तामाङ्ग
नगर प्रमुख

<u>निर्णय नं २</u>

आर्थिक वर्ष २०७९/०८० को आय व्यय अनुमान स्वीकृतिका लागि नगर सभामा पेश गर्ने तथा वडागत वजेट सिलिङ्ग र वजेट कार्यान्वयन मार्गदर्शन निम्नानुसार स्वीकृत गरी वडा लाई उपलव्ध गराउने निर्णय गरियो ।

**आ.व. : २०७९/०८० का लागि राजस्व तथा आय, व्यय अनुमानको संक्षित खाका**

| सि.नं. | शीर्षक | आ.व. २०७९/०८० को अनुमान | कैफियत |
|---|---|---|---|
| १ | आन्तरिक राजस्व | ३३१८०००० | ३ करोड ३१ लाख ८० हजार |
| २ | घरजग्गा रजिष्टेशन दस्तुर- मालपोत | ७०००००० | ७० लाख |
| ३ | बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | १०१४८४००० | १० करोड १४ लाख ८४ हजार |
| ४ | बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ८१२४००० | ८१ लाख २४ हजार |
| ५ | संघिय सरकार शसर्त अनुदान | ३११८००००० | ३१ करोड १८ लाख |
| ६ | संघिय सरकार समानिकरण अनुदान | १४७६००००० | १४ करोड ७६ लाख |
| ७ | संघिय सरकार समपुरक अनुदान- | ११०००००० | १ करोड १० लाख |
| ८ | प्रदेश सरकार शसर्त अनुदान | ५८३७००० | ५८ लाख ३७ हजार |
| ९ | प्रदेश सरकार समपुरक अनुदान पुंजीगत | १००००००० | १ करोड |
| १० | प्रदेश सरकार समानिकरण अनुदान | ८०४०००० | ८० लाख ४० हजार |
| | आगामि आ.ब.मा जम्मा बजेट सिमा | ६४४०६५००० | ६४ करोड ४० लाख ६५ हजार |

व्यय तर्फ

| सि.नं. | शीर्षक | आ.व. २०७९/०८० को व्यय अनुमान | कैफियत |
|---|---|---|---|
| १ | साधारण खर्च- प्रशासनिक खर्च | १६१२१७७२० | १६ करोड १२ लाख १७ हजार ७ सय २० |
| २ | समपुरक अनुदान र अन्य साझेदारी रकम | ४३१०९००० | ४ करोड ३१ लाख ९ हजार |
| ३ | भुक्तानी बाँकी/दायित्व रकम | १०३९३००० | १ करोड ३ लाख ९३ हजार |
| ४ | थप अनिवार्य दायित्व | १२१४५००० | १ करोड २१ लाख ४५ हजार |

| | | | |
|---|---|---|---|
| ५ | संघिय सरकार शसर्त अनुदान चालु | ३११८००००० | ३१ करोड १८ लाख |
| ६ | संघिय सरकार समपुरक अनुदान- | ११०००००० | १ करोड १० लाख |
| ७ | प्रदेश सरकार शसर्त अनुदान | ५८३७००० | ५८ लाख ३७ हजार |
| ८ | प्रदेश सरकार समपुरक अनुदान पुँजीगत | १०००००००० | १ करोड |
| ९ | वडा स्तरिय बजेट सिमा | ५९०००००० | ५ करोड ९० लाख |
| १० | नगर स्तरिय बजेट सिमा | १९५६३२८० | १ करोड ९५ लाख ६३ हजार २ सय ८० |
| ११ | आगामि आ.ब.मा जम्मा बजेट सिमा | ६४४०६५००० | ६४ करोड ४० लाख ६५ हजार |

**आ.ब. २०७९/०८० को वडा वजेट सिलिङ तथा योजना तर्जुमा सम्बन्धी मार्गदर्शन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ नगरपालिकाको बार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७६, नेपाल सरकार,प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरणको बजेट सिलिंग र मार्गदर्शन तथा विगत बर्षहरुमा भएको स्रोत परिचालनको अवस्थालाई मध्येनजर गरी वडास्तरमा सहभागितात्मक योजना तर्जुमा प्रक्रिया अवलम्वन गर्दै आ.ब. २०७९।०८० का लागि योजना छनौट गर्न धनकुटा नगरपालिकाबाट वडालाई निम्नानुसारको वडा स्तरिय वजेट सिलिङ साथ मार्गदर्शन तयार गरी पठाईएको छ । उक्त मार्गदर्शन र बजेट सिलिंगको सीमाभित्र रही आ आफ्नो वडाको  कार्यक्रम तथा बजेट तयार गरी संलग्न समय सीमाभित्र धनकुटा नगरपालिका समक्ष पेश गर्नुपर्ने छ ।

१. वडास्तरमा कार्यक्रमहरु सञ्चालन गर्नका लागि प्रत्येक वडाको भौगोलिक क्षेत्रफल, विकासको स्तर, त्यस वडाको जनसंख्यो, आन्तरिक आयमा भएको योगदान र गरिवीको अवस्था समेतका  आधारमा वडा सिलिङ्ग निर्धारण गरी पठाईको छ।  सिलिङ्गमा प्राप्त रकमवाट वडाले योजना वनाउदा ७० प्रतिशत पूर्वाधार विकास र ३० प्रतिशत सामाजिक (समावेशी,लैगिक) विकासका योजना हुने गरी तर्जूमा गर्नुपर्ने छ। वडागत सिलिङ्ग यस प्रकार छ।

| वडा नं. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रकम (लाखमा) | ७० | ६० | ५५ | ५५ | ५५ | ६० | ६० | ६० | ६० | ५५ |

२.चालु खर्च अन्तर्गत  वडा कार्यालय सञ्चालनका लागि धारा, पानी, विजुली,विविध,कार्यालय सञ्चालन र आर्थिक सहायता गरी जम्मा रु ४१००००.० उपलब्ध गराइने छ।

३. उल्लेखित बजेटबाट संचालन गरिने भौतिक पूर्वाधार तर्फ कम्तिमा एक वटा वडाको गौरवको योजनामा ७ लाख भन्दा बढी लगानी हुने गरी अनिबार्य छनौट गर्नु पर्ने र बांकी योजनाहरु कम्तिमा १ लाख भन्दा माथि लगानी हुने गरी छनौट गर्नुपर्ने छ।

४. लक्षित तथा अन्य सामाजिक विकास अन्तर्गतका कार्यक्रमहरुको हकमा ५० हजार भन्दा कम नहुने गरी कार्यक्रम छनौट गर्नुपर्ने छ।

५. सडक सम्बन्धी योजनाहरु भएमा नयाँ ट्रयाक खोल्ने कार्यलाईभन्दा सडक स्तरोन्नति गर्ने कार्यलाई प्राथमिकता दिनु पर्ने छ ।

६. योजना प्रथमिकीकरण गर्दा निम्न आधार लिनु पर्ने छ।

–कोभिड–१९ र विपद्बाट विस्थापित तथा समस्यामा परेका जनताको जीवनस्तर सुधारमा सहयोग पुऱ्याउने योजनाहरु, बाझोरहेको जग्गामा खेती गर्ने कृषि उत्पादन वढाउने, पशुपंक्षी पालनमा वढावा दिने योजना।

- आर्थिक विकास तथा गरिवी न्यूनीकरणमा सहयोग पुर्याउने।
- उत्पादनमूलक छिटो प्रतिफल दिने योजनाहरु।
- राजश्व अभिवृद्धिमा सहयोग पुर्याउने योजना।
- सेवा प्रवाह र सुशासन कायम गर्न सहयोग पुर्याउने योजना।
- स्थानीय स्रोत साधनमा आधारित र जनसहभागिता वढ्ने र शैक्षिक विकासमा योगदान दिने र निरक्षता उन्मुलन हुने योजना।
- लैङ्गिक विकास र सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने योजना।

- दीगो विकास, वातावरण संरक्षण, जलवायु अनुकूलन, विपद जोखिम व्यवस्थापन, प्रकोप व्यवस्थापनमा सहयोग पुग्ने योजना ।
- फोहोर मैला व्यवस्थापन गर्ने योजना ।
- पर्यटन संस्कृति कला साहित्यको जगेर्ना तथा विकास र संरक्षणमा योगदान पुर्याउने ।
- स्थानीय तहले आवश्यक देखेका र संभाव्य योजना ।

७.आइरहेको वर्षादलाई मध्ये नजर गर्दै सवै वडाहरुले आ–आफ्नो वडा भित्रका सडक खुलाउने/ सरसफाइ गर्ने, पहिरो पन्छाउने, सानातिना मर्मत संभार तत्काल आवास सुरक्षाका लागि त्रिपाल वितरण जस्ता कार्यका लागि अनिवार्य रुपमा वजेट व्यवस्था गर्ने

८.आ–आफ्नो वजेट सिलिङ्ग भित्रका योजना र नगरलाई सिफारिस गरिएका योजनाको Soft copy २०७८।३।१५ गते विहान १०.०० वजे भित्रमा नगरमा उपलव्ध गराउनु पर्ने छ ।

**निर्णय नं ३**

आर्थिक वर्ष २०७९/०८० मा नगर कार्यपालिकाका सदस्यले छनौट गरेका योजना तथा कार्यक्रममा खर्च गर्ने गरी प्रति कार्यपालिका सदस्य रु ३ लाखका दरले रकम व्यवस्था गर्ने निर्णय गरियो ।